# <u>प्रेस विज्ञप्ती</u>

माननीय परराष्ट्र मन्त्री डा. प्रकाशशरण महतज्यूले आज राहदानी विभागमा आयोजित एक समारोहका बीच Mobile Application (App) "Nepal Passport" को शुभारम्भ गर्नुभयो । सेवाग्राहीको माग र आवश्यकतालाई मध्यनजर गर्दै विभागले उक्त App तयार गरेको हो । उक्त App बाट सेवाग्राहीले राहदानी सम्बन्धी विविध जानकारी प्राप्त गर्न र आफ्नो Mobile Set बाटै राहदानी फाराम Pre-enroll गर्न सक्नेछन् । यो व्यवस्थाबाट कम्प्युटरबाट मात्र फाराम भर्न सकिने र फाराम अनिवार्य Print गर्नुपर्ने व्यवस्थामा सुधार आउने छ । आफ्नो Mobile set बाटै रितपूर्वक फाराम भरी Submit गरी सकेपश्चात प्राप्त हुने barcode को Screen shot लिई वा नम्बर टिपोट गरी राहदानी विभागमा सम्पर्क राख्न सकिनेछ । यस्तो सेवा दोहा, रियाद , जेद्धा , क्वालालम्पुर , आबुदावी , लण्डन , कुवेत , वासिङटन डि.सी. , न्युयोर्क र हङ्कङ् स्थित नेपाली राजदूतावास र कन्सुलरबाट पनि प्राप्त गर्न सकिनेछ । सेवाग्राहीले आफ्नो Mobile को App Store/Play Store मा गई **nepalpassport** search गरी उक्त App download गर्न सक्नेछन् । राहदानी विभागले आफ्नो सेवाप्रवाहमा निरन्तर सुधारको प्रयास स्वरुप यो व्यवस्था लागू गरेको हो। यस व्यवस्थाबाट सेवाग्राहीलाई राहदानी फाराम भर्न थप सहज हुने विश्वास विभागले लिएको छ ।

**नेपाल सरकार**
**परराष्ट्र मन्त्रालय**
**राहदानी विभाग**
**नारायणहिटी**
**१९ पौष २०७३**